# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

प्रेस विज्ञप्तिः २०७२।११।०३ गते ।

आरोपपत्र दायर गरिएको (ईलेक्ट्रिकल स्कुटर आयातमा घुस)
---------------------------------------------------------------

भारतको एभन साईकल लिमिटेडबाट ईलेक्ट्रिकल स्कुटर नेपाल आयात गर्ने प्रकियाको सिलसिलामा यातायात व्यवस्था विभाग, मिनभवनका प्राविधिक निर्देशक (उप-सचिव) नबिन कुमार पोखरेलले आयातकर्तासंग ३६ वटा स्कुटरको प्रति स्कुटर रु.५,०००/-का दरले जम्मा रु.१,८०,०००/- घुस रकम लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) वमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले जम्मा विगो रु.१,८०,०००/-(अक्षरुपी एक लाख असी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) र दफा ३(१)घ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाण्डौमा आरोपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।